अफगानिस्तानले ड्रोन आक्रमण गरेको पाकिस्तानी दाबी

■ एजेन्सी

इस्लामाबाद। पाकिस्तानका राष्ट्रपति आसिफ अली जरदारीले अफगान तालिबानले पाकिस्तानमा नागरिक लक्ष्यहरू विरुद्ध ड्रोन प्रक्षेपण गरेर 'रेड लाइन' पार गरेको शनिबार बताएका छन्। सेनाले तत्काल प्रतिक्रिया जनाएका कारण उनीहरू इस्लामाबाद नजिकै रावलपिन्डीस्थित मुख्यालयसहित उनीहरूको लक्ष्यमा पुग्न नसकेको बताइएको छ। तालिबान अधिकारीहरूसँग वायु सेनाको अभाव भएता पनि स्थानीय रूपमा उत्पादित ड्रोनहरू प्रयोग गरि आक्रमण गरेको विज्ञहरूले पुष्टि गरेका छन्।

पाकिस्तानी सेनाले खसालेको ड्रोनको भग्नावशेषले दक्षिणपश्चिम क्वेट्टामा २ बालबालिका र उत्तरपश्चिममा पेशावरको कोहाट र रावलपिन्डीमा १-१ जना सर्वसाधारण घाइते भएको बताएको छ। सुरक्षा स्रोतहरूले ड्रोनहरू पत्ता लागाएपछि सावधानीका लागि राजधानी वरपरको हवाई क्षेत्र अस्थायी रूपमा बन्द गरिएको जनाएका छन्। यस अघि आक्रमणबाट अफगानिस्तानको राजधानी काबुलमा ४ जना र सीमावर्ती प्रान्तहरूमा २ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ। सामाजिक सञ्जाल एक्स.मार्फत जरदारीको कार्यालयले अफगान तालिबानले रेड लाइन पार गरी पाकिस्तानी नागरिक क्षेत्रमा गरेको ड्रोन आक्रमणको कडा निन्दा गरेको छ।

इरानको तेल नेटवर्कमाथि अमेरिकी आक्रमण, युद्ध नरोकिने संकेत

■ एजेन्सी

वासिंगटन। अमेरिका र इरानबीचको द्वन्द्व तीव्र हुँदै गएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पका अनुसार अमेरिकाले इरानको तेल नेटवर्कसँग सम्बन्धित महत्त्वपूर्ण खार्ग टापुमा सैनिक लक्ष्यमा बमबारी गरेको छ। यो टापु इरानको मुख्य तेल निर्यात टर्मिनल भएको स्थान हो। अमेरिकी सेनाले टापुमा रहेका सैन्य लक्ष्यहरू पूर्ण रूपमा नष्ट गरेको र आवश्यक परे तेल पूर्वाधारलाई पनि निशाना बनाउन सकिने चेतावनी ट्रम्पले दिएका छन्। यसअघि इरानी संसदको अध्यक्ष मोहम्मद बाघेर कालीबाफले यस्ता आक्रमणहरू इरानको कडा प्रतिक्रिया निम्त्याउने चेतावनी दिएका थिए। इरानको राजधानी तेहरानमा शुक्रबार एक ठुलो विस्फोट भएको छ। विस्फोट त्यही क्षेत्रमा भएको थियो जहाँ हजारौँ मानिसहरूले वार्षिक प्यालेस्टिनी समर्थक र्यालीमा सहभागी भई इजरायल र अमेरिकाविरुद्ध नाराहरू लगाएका थिए। यस र्‍यालीमा केही उच्च सरकारी अधिकारी पनि उपस्थित थिए। विस्फोटका कारण मानवीय क्षति नभएको जानकारी दिइएको छ, तर यस घटनाले द्वन्द्वमा दुबै पक्षको अडिग निर्णय र प्रतिकार क्षमतालाई स्पष्ट पारेको छ।

युद्धमा अमेरिकी बललाई थप सुदृढ गर्न ३१औँ मरीन एक्सपेडिसनरी युनिट र उभयचर हमला जहाज ट्रिपोली मध्यपूर्वमा पठाइएको छ। यी मरिन युनिटहरूले उभयचर आक्रमणमा मात्र होइन, दूतावास सुरक्षा, नागरिक उद्धार र विपद् राहतका कार्यमा पनि विशेषज्ञता राख्छन्। यो तैनाथीले अनिवार्य रूपमा कुनै भू-आक्रमणको संकेत नगर्ने अमेरिकी अधिकारीहरूले बताएका छन्। पहिले नै अमेरिकी नौसेनाले अरब सागरमा एरोक्राफ्ट क्यारियर अब्राहाम लिंकन र ८ विध्वंसक जहाजसहित १२ जहाज परिचालनमा राखेको थियो। ट्रिपोली जहाज सामेल भएपछि यो बल क्षेत्रको दोस्रो सबैभन्दा ठुलो जहाज हुनेछ। इरानले इजरायल र खाडी क्षेत्रका छिमेकी देशहरूमा मिसाइल र ड्रोन आक्रमण निरन्तर जारी राखेको छ। स्ट्रेट अफ होरमज, जहाँ विश्व व्यापारमा प्रयोग हुने तेलको करिब पाँचौँ भाग जान्छ, प्रायः बन्द भएको छ। यसले खाडी क्षेत्रमा तेल आपूर्ति र अन्तर्राष्ट्रिय बजारमा दबाब सिर्जना गरेको छ। मानवीय संकट गहिरो हुँदै गएको छ। लेबननमा इजरान समर्थित हिजबुल्लाह मिलिटनहरूमा इजरायली हमला हुँदा करिब ८०० जनाको मृत्यु भइसकेको छ भने ८ लाख ५० हजार जना विस्थापित भएका छन्। इजरायल-हिजबुल्लाह द्वन्द्वमा लेबननमा ७७३ जनाको मृत्यु भइसकेको छ, जसमा १०० भन्दा बढी बालबालिका र १८ स्वास्थ्यकर्मीहरू रहेका छन्।

अमेरिकाले युद्धको सुरुदेखि १५ हजार भन्दा बढी इरानी लक्ष्यमा हमला गरेको छ। अमेरिकी रक्षा सचिवले प्रतिदिन १ हजारभन्दा बढी लक्ष्यमा आक्रमण भइरहेको जानकारी दिएका छन्। पश्चिम इराकमा अमेरिकी इन्धन आपूर्ति विमान दुर्घटनामा परेर ६ चालक दलका सदस्यको मृत्यु भएको छ। यो दुर्घटना अमेरिकी सेनाका ४ वटा सार्वजनिक रूपमा पुष्टि भएका विमान दुर्घटनाहरू मध्ये चौथो हो। यसअघि ३ अमेरिकी लडाकू जहाज कुवेतबाट आएको मित्र राष्ट्रको गल्तीपूर्ण फायरमा क्षतिग्रस्त भएका थिए।

यो द्वन्द्वले विश्वव्यापी अर्थतन्त्र, खाडी क्षेत्रको सुरक्षा स्थिति र मानवीय संकटमा गम्भीर प्रभाव पारेको छ। तेल र ऊर्जा आपूर्तिमा जोखिम बढेको, लाखौँ नागरिक विस्थापित भएका र सम्पत्ति नष्ट भएको स्थिति छ। दुबै पक्षको कडा प्रतिकार र युद्ध रणनीतिले यस द्वन्द्वलाई अझ जटिल र खतरनाक बनाएको छ।

इन्धन टापुका प्राय सैन्य ठेगाना नष्ट गरिएको ट्रम्पको दाबी

यसैबीच, अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकाले इरानको खार्ग द्वीपमा अवस्थित हरेक सैन्य ठेगानाहरूलाई नष्ट गरेको बताएका छन् 'अमेरिकाको सेन्ट्रल कमान्डले मध्यपूर्वको इतिहासकै शक्तिशालीमध्येको कारबाही पूरा गरेको र उक्त द्वीपमा रहेका हरेक सैन्य ठेगानालाई पूरै नष्ट गरिएको उल्लेख गरेको छ,' राष्ट्रपति ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मा भनेका छन्, 'मैले उक्त द्वीपको तेलसम्बन्धी संरचनाहरूलाई नष्ट नगर्ने बाटो लिएको छु।

Budhiganga Rural Municipality
Office of the Rural Municipal Executive
Hattimudha, Morang
Koshi Pradesh Nepal

Invitation for Electronic Bids

Date of Notice Publication: 2082-12-01 (15th March 2026)

1. Budhiganga Rural Municipality invites Electronic Bids for the following Contract under National Competitive Bidding (NCB) procedures.

S.N.	Name of Contract	Contract Identification No	Bid Fee(NRS)	Bid Security(NRS)
1	Sana Sichai Prabardhan Karyakram,Budhiganga 1 to 7	BGRM/MOR/ NCB/G-05(082/083)	3000/-	1,30,000/-

2. Interested Bidders may obtain further information and inspect the Bidding Document at the office of Budhiganga Rural Municipality, Morang or may visit e-GP system of PPMO: www.bolpatra.gov.np/egp.
3. Interested eligible and qualified bidders, as specified in the bid document, shall deposit the cost of Bidding Document (non-refundable fee) of NRs. 3,000.00 to the Account of Budhiganga Rural Municipality Morang: 0692059501175002, NIC ASIA BANK LIMITED, PUSPALAL CHOWK BUDHIGANGA-1 and scanned copy in PDF format of the voucher/receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
4. Pre-bid meeting shall be held at Budhiganga Municipality at 1:00 P.M. on 2082-12-16(30th March 2026).
5. Interested Eligible and Qualified Bidders are required to submit Electronic Bids through e- GP system of PPMO: www.bolpatra.gov.np/egp to the office of Budhiganga Rural Municipality on or before 12:00 Noon on 2083-01-02 (15th April 2026).
6. Submitted Electronic Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1 P.M. on 2083-01-02 (15th April 2026) at the office of Budhiganga Rural Municipality..
7. Bids must be valid for a period of 90 Days counting from the date of Bid opening and must be accompanied by scanned copy of Bid Security in PDF format, amounting to a minimum of NRs. 1,30,000.00 (In Words: One Hundred and Thirty Thousand Only), which shall be valid for minimum 30 days beyond the bid validity period .
8. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Account of Budhiganga Rural Municipality: 69CA501175524006, NIC ASIA BANK LIMITED ,PUSPALAL CHOWK BUDHIGANGA -1 and scanned copy in PDF format of the voucher/ receipt of the deposited amount must be submitted/uploaded along with the Electronic Bid.
9. If the last date of Bid Submission & Opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity period shall be recognized with effective from the original bid submission deadline.
10. Budhiganga Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Chief Administrative Officer

प्रत्यक्षमा कसले...

यी क्षेत्रबाट क्रमशः क्षितिज थेबे, सुहाङ नेम्वाङ र राजेन्द्र राईले जिते। संखुवासभामा कांग्रेसको जित खोस्दै एमालेले जित थपेको छ। यहाँ अर्जुन कार्की विजयी भए। बाँके-२ मोहम्मद इश्तियाक राईले जितेका छन्। यसअघि यहाँ राप्रपाले जितेको थियो। यसअघि कांग्रेसले जितेको दैलेख-२ मा एमालेका लक्ष्मीप्रसाद पोखरेल विजयी भएका छन्। अछाम-२ पनि कांग्रेसबाट फुत्काएर एमालेकै यज्ञबहादुर बोगटीले जितेका छन्। बझाङमा पनि ऐन बहादुर मगरले जितेर सिट थप गरेका छन्। दार्चुलामा गणेशसिंह ठगुन्नाले जितेर अर्को सिट थप गरे।

नेपाली कांग्रेसमा ७ जनाले पार्टीको जित जोगाए भने ११ जनाले नयाँ ठाउँ थप गरे। तेह्रथुममा सन्तोष सुब्बाले जितेका छन्। यसअघि त्यहाँ कांग्रेसकै सीता गुरुङले जितेकी थिइन्। रसुवामा मोहन आचार्यले आफ्नो जितलाई निरन्तरता दिएका छन्। मनाङमा टेकबहादुर गुरुङ र मुस्ताङमा योगेश गौचन थकालीले पनि जितको निरन्तरता दिए। मुगुमा खड्ग शाहीले जिते। त्यहाँ यसअघि ऐनबहादुर शाही ठकुरीले जितेका थिए। यसअघि आफ्नै दाइ पूर्णबहादुर खड्काले जितेको सुर्खेत-१ मा विष्णुबहादुर खड्का विजयी भए। बाजुरामा जनकराज गिरीले पार्टीको जितलाई निरन्तरता दिए। यसअघि यहाँबाट बद्री पाण्डेले जितेका थिए।

त्यस्तै, पाँचथरमा नरेन्द्रकुमार केरुङ, इलाम-१ मा निश्कल राई, सोलुखुम्बूमा प्रकाशसिंह कार्की, रौतहट-२ मा मो. फिरदोस आलम र पाल्पा-१ मा सन्दिप रानाले नयाँ ठाउँमा जित हात पारेका हुन्। कपिलवस्तु-३ मा अभिषेकप्रताप शाह, हुम्लामा जयपति रोकाया, जाजरकोटमा खड्कबहादुर बुढा, दैलेख-१ मा बासना थापा, अछाम-१ मा भरतकुमार स्वाँर र डोटीमा भरतबहादुर खड्काले पनि नयाँ जित हात पारेका हुन्।

शीर्ष नेताकै...

तर, यस पटक रास्वपाका बालेन शाहले ६८ हजार ३४८ मत प्राप्त गरेर विजयी हुँदा ओलीले जम्मा १८ हजार ७३४ मत पाए। यसअघि निरन्तर चुनाव जित्दै आएका ओलीले यस पटक ३३ हजार ५८५ मत गुमाएका छन्।

नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले गत चुनावमा गोरखा-२ बाट २६ हजार १०९ मत ल्याएर विजयी भएका थिए। यस पटक सो क्षेत्रमा रास्वपाका कवीन्द्र बुर्लाकोटी २६ हजार ६६० मत ल्याएर विजयी हुँदा नेकपा उम्मेदवार लेखनाथ न्यौपानेले ११ हजार ७३ मतमात्रै पाए। नेकपाले सो क्षेत्रमा १५ हजार ३६ मत गुमाएको देखिएको छ। गत चुनावमा रौतहट-१ बाट ३३ हजार ५२२ मतका साथ विजयी भएका नेकपाका सहसंयोजक माधवकुमार नेपालले यस पटक जम्मा ७ हजार ६६९ मत पाए। सो क्षेत्रबाट २८ हजार ९४६ मत प्राप्त गरेर रास्वपाका राजेशकुमार चौधरी निर्वाचित भएका छन्। नेपालले २५ हजार ८५३ मत गुमाएका छन्।

गत चुनावमा झापा-३ मा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन ४० हजार ६६२ मतका साथ विजयी भएका थिए। यस पटक सो क्षेत्रमा ३८ हजार ६७४ मत पाएर रास्वपाका प्रकाश पाठक विजयी हुँदा उनले १७ हजार २९४ मत मात्रै पाए। लिङ्देनले ३ वर्षकै अवधिमा २३ हजार ३६८ मत गुमाए। २०७९ को चुनावमा सप्तरी-२ बाट निर्वाचित जनमत पार्टीका अध्यक्ष सिके राउतले ३५ हजार ४२ मत पाएका थिए। यस पटक २८ हजार ४०४ मतका साथ रास्वपाका रामजी यादव विजयी हुँदा राउतको भागमा ९ हजार ८८० मतमात्रै पऱ्यो। उनले २५ हजार १६२ मत गुमाउन पुगे। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव गत २०८० मा भएको उपनिर्वाचनमा बारा-२ बाट २८ हजार ४१५ मतका साथ विजयी भएका थिए। यस पटक सो क्षेत्रमा रास्वपाका चन्दनकुमार सिंह ३५ हजार ५९० मतले विजयी हुँदा जसपा नेपालका उम्मेदवार रामकिशोरप्रसाद यादवको १४ हजार १९६ मात्रै मत आयो। जसपा नेपालले सो क्षेत्रमा १४ हजार २१९ मत गुमाएको छ। उपेन्द्र यादव यस पटक सप्तरी-३ मा रास्वपा उम्मेदवारसँग पराजित हुन पुगे।

धमाधम समानुपातिक...

यद्यपि बैठकमा ओली पनि उपस्थित थिए।

श्रम संस्कृतिले पनि टुंग्यायो ४ सांसद

चुनावको केही महिनाअघि मात्रै स्थापना भएर राष्ट्रिय दल बन्न सफल श्रम संस्कृति पार्टीले आफ्नो दलले प्राप्त गरेको समानुपातिकतर्फको ४ सिटमा सांसदहरूको टुंगो लगाएको छ। धरान उपमहानगरपालिकाका पूर्वमेयर हर्कराज राई (साम्पाङ) को नेतृत्वमा स्थापित श्रम संस्कृतिले समानुपातिकतर्फ ३ लाख ८५ हजार ९०२ मत पाएको थियो। सो मतका आधारमा पार्टीले ४ जना सांसद पठाउन पाउने भएको हो। पार्टीले आदिवासी महिलामा हेटौँडाकी मन्दिरा मोक्तान, खस आर्य महिलामा अम्बिका संग्रौला, दलित कोटामा सुर्खेतकी राधिका रम्तेल र आदिवासी जनजातिबाट पूर्वगोर्खा लाहुरे पूर्ण लिम्बूको नाम सिफारिस गरेको छ। समानुपातिक प्रणालीअन्तर्गत निर्वाचन आयोगमा पठाइने अन्तिम सूचीका रूपमा यी नाम सिफारिस गरिएको पार्टीले जनाएको छ। प्रत्यक्षतर्फ श्रम संस्कृतिले ३ सिट जितेको थियो। सुनसरी-१ बाट पार्टी अध्यक्ष साम्पाङ, भोजपुरबाट ध्रुवराज राई र खोटाङबाट आरेन राई निर्वाचित भएका थिए।

'पार्टीले गरेका काम र भोगेका घटनाक्रम जनतालाई बुझाउन नसक्दा हार बेहोर्नुपऱ्यो'

बैठकले चुनावमा पराजय भोग्नुको कारणबारे समीक्षा पनि गरेको छ। बैठकले पार्टीले गरेका काम र भोगेका घटनाक्रम जनतासम्म स्पष्ट रूपमा पुऱ्याउन नसक्दा हार बेहोर्नुपरेको निष्कर्ष निकालेको छ। उपमहासचिव भट्टका अनुसार पार्टीले गरेका काम, भदौ २३ र २४ गते भएको घटनासहितका विभिन्न राजनीतिक घटनाक्रम तथा पार्टी नेतृत्वमाथि भएको आक्रमणलाई जनतामाझ स्पष्ट रूपमा राख्न नसक्दा जनमत प्रतिकूल गएको बैठकको निष्कर्ष थियो। 'हामीले गरेका काम जनतासम्म पुऱ्याउन सकेनौँ। भदौ २३ गतेको घटना पनि जनतासँग प्रष्ट पार्न सकेनौँ, त्यसैले हार बेहोर्नुपऱ्यो,' उनले भने, 'ती घटनाक्रममा पार्टी नेतृत्वको भूमिका के थियो र पार्टीमाथि कसरी आक्रमण भयो भन्ने कुरा जनतामाझ लैजान सकेनौँ।' पार्टीका सबै तहमा आ-आफ्नो स्तरमा समीक्षा बैठक गरिरहेको भन्दै भट्टले त्यसबारे अहिले केन्द्रले कुनै निर्देशन दिनुपर्ने अवस्था नभएको बताए। 'कहाँ कति कमीकमजोरी भयो, के-के भयो भन्ने कुरो तलबाटै अहिले त्यो स्वतःस्फूर्त रूपले समीक्षा गरिरहनुभएको मैले पाएको छु,' उनले भने। उनले पार्टी नेतृत्वविरुद्ध भ्रम फैलाएकाले जनमत पार्टीतर्फ नआएको बताए।

Khaptad Chhededaha Rural Municipality
Office of The Rural Municipal Executive
Dogadi, Bajura
Sudurpaschim Province, Nepal

Invitation for Electronic Bids

First Date of Publication: 2081/12/13

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

Contract No.	Description of Work	Cost of Bid Documents	Estimated Amount (NRS.) with P.S. [Excluding VAT & Contingencies]	Minimum Bid Security Amount	Bid Security Validity Period	Last Date of	
						Bid Submission	Bid Opening
KCRM/NCB/W /06/2082-083	Construction of Jiulekh Basic School Building work (2-Room, Single Storey) at KCRM-04, Bajura	3,000.00	27,54,498.01	1,00,000.00	Validity up to 120 days from the last date of bid submission	2083/01/02 12:00 hrs	2083/01/02 12:30 hrs

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted.
3. Eligible Bidders may obtain the further information from Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bid Documents Purchase Fee & Bid Security Deposit (Cash/Bid bond) Details:-

Details for Bid Documents Purchase Fee (upload the scanned copy (PDF format) of the bank deposit Voucher.)	**Account Name:**	GA-1.1 KHAPTAD CHHEDE.AAN.RAJ.KHATA
	Name of Office:	Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura
	Office Code no.:	801076906
	Name of the Bank:	Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.
	Office Account no.:	12008109220128
Details for Bid Security (Cash/Bid bond) Deposit (Submit Bank Deposit Voucher along with a Bid.)	**Account Name:**	Dharauti Khata
	Name of Office:	Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura
	Account no.:	12008109220139
	Name of the Bank:	Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.

5. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

Chief Administrative Officer

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०८२।०४।३० मा दर्ता भएको **प्रा.लि. नं. ३७२४५७** को **श्रीहनुमान ट्रेडर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।